कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, भोजपुर

प.स.-२०८३।८४
च.नं.-

पशुपन्छी सम्वन्द्ध प्राकृतिक प्रकोप/ विपतजन्य क्षतिको राहत वितरण गर्ने सम्बन्धी सूचना

सुचना प्रकाशित मितिः २०८३/०८/१०

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भोजपुरको आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी सम्वन्द्ध प्राकृतिक प्रकोप/विपतजन्य क्षतिको राहत वितरण सम्बन्धी कार्यक्रम भएको हुँदा भोजपुर जिल्लाका कृषकहरुले पालेका पशुपन्छी जन्य क्षति भएको भए कार्यालय समयमा तोकिएको ढाँचामा निवेदन पेश गर्नु हुन सो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीको लागी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र भोजपुरको फोन नं. ०२९-४२०१२९/९८५२०५३१२९/९८५२०८४६९० मा सम्पर्क गर्न सक्नु हुनेछ ।

<u>निवेदनसाथ संलग्न हुन पर्ने कागजातहरुः</u>

१ कार्यालयबाट तोकिएको ढाँचाको निवेदन ।
२ नेपाली नागरिकता प्रमाणपत्र र जग्गा धनी दर्ता प्रमाणपुर्जाको प्रतिलिपी ।
३ क्षति सम्वन्धी वडा र प्रहरीको मुचुल्का ।
४ स्थानीय तह पशु सेवा शाखाको सिफारिस ।
५ पिडित कृषकको पान नं. र बैंक खाता नं. ।
६ क्षति देखिने फोटो/ दृश्य/ वृतचित्र ।
७ बिमा गरेको वा नगरेको प्रमाण ।

नोटः निवेदनको नमुना भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, भोजपुर र भोजपुर जिल्लाका स्थानीय तह पशु सेवा शाखा बाट उपलब्ध हुनेछ ।

.....

पुष्पराज दाहाल
पशु विकास अधिकृत
कार्यालय प्रमुख

फोन नं ०२२९-४२०१२९ Email: vhlsecbhojpur@gmail.com